नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
केन्द्रीय कार्यालय
थापाथली, काठमाडौं नेपाल

प. स :
च. न :

मिति : २०८३/०८/११
नेपाल संवतः ११४७ कछलागा तृतीया - १८

प्रेस विज्ञप्ति

"सामाजिक सुरक्षा कोषमा आबद्धताः वर्तमान र भविष्यको सुरक्षा"
"नवौं सामाजिक सुरक्षा दिवस, २०८३"

नेपालको संविधानको धारा ३४ द्वारा प्रत्याभूत श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने उद्देश्यका साथ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोषले आज मिति २०८३ मङ्सिर ११ गते "नवौं सामाजिक सुरक्षा दिवस" मनाएको छ ।

वि.सं. २०७५ मङ्सिर ११ गते औपचारिक क्षेत्रका निजी सङ्गठित संस्था र श्रमिकबाट सुरु भएको सामाजिक सुरक्षाको अभियान हाल वैदेशिक रोजगारी, अनौपचारिक क्षेत्र तथा देशभित्र स्वरोजगारमा रहेका श्रमिकहरूसम्म विस्तार भइसकेको छ। यस अवसरमा कोषले आफ्नो स्थापनादेखि हालसम्मका उपलब्धिहरू सार्वजनिक गर्दै सामाजिक सुरक्षाको दायरा विस्तार, संस्थागत सुदृढीकरण तथा योगदानकर्तामैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

कार्यक्रममा नेपाल सरकारका माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। साथै, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री श्री सीता बादी, राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री रेशु अर्याल ढुङ्गाना, माननीय सदस्य श्री सुशान्त वैदिकलगायत मन्त्रालयका सचिव, सामाजिक सुरक्षा कोषका सञ्चालक समितिका अध्यक्ष तथा रोजगारदाता र श्रमिकको प्रतिनिधि लगायत अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सामाजिक सुरक्षा कोषलाई समुन्नत, समावेशी तथा लोककल्याणकारी राज्य निर्माणको आधारस्तम्भका रूपमा विकास गर्नु सरकारको प्राथमिकता रहेको बताउनुभयो। उहाँले कोषको दायरा विस्तारलाई प्रभावकारी बनाउने गरी पर्याप्त बजेट विनियोजन गर्ने जानकारीसमेत दिनुभयो। उहाँले कोषमा सङ्कलित रकमलाई योगदानकर्ताको न्यूनतम दायित्व तथा प्रतिफल सुनिश्चित हुने गरी निश्चित ब्याजदरमा परिचालन गर्दै राष्ट्रिय पूर्वाधार विकास र आर्थिक समृद्धिसँग जोड्ने सम्भावनाबारे समेत सरकारले काम गरिरहेको बताउनुभयो। सामाजिक सुरक्षा

कोषको दायरा विस्तार, संस्थागत सुदृढीकरण र दीर्घकालीन वित्तीय दिगोपनाका लागि सरकार पूर्ण प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

माननीय मन्त्री श्री सीता बादीले सामाजिक सुरक्षा कोषको दायरा विस्तार गरी सबै श्रमिक तथा कर्मचारीलाई सामाजिक सुरक्षाको पहुँचमा ल्याउनुपर्नेमा जोड दिनुभयो। साथै, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी, समावेशी र दिगो बनाउँदै योगदानकर्ताले सहज रूपमा कोषका सुविधा प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री रेशु अर्याल ढुङ्गानाले सामाजिक सुरक्षा कोषको महत्त्व र यसको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै कोषलाई थप प्रभावकारी र सर्वव्यापी बनाउन आवश्यक नीतिगत तथा संस्थागत पहल भइरहेको उल्लेख गर्नुभयो।

त्यसैगरी, माननीय सदस्य श्री सुशान्त वैदिकले सामाजिक सुरक्षा कोषको अनिवार्य आबद्धताको महत्त्व उल्लेख गर्दै सामाजिक सुरक्षाबिना समृद्ध राष्ट्र निर्माणको परिकल्पना अपूर्ण रहने धारणा व्यक्त गर्नुभयो। सबै श्रमिक तथा नागरिकलाई सामाजिक सुरक्षा कोषको दायरामा ल्याउनुपर्ने र कोषमा सङ्कलित रकमलाई सुरक्षित तथा प्रतिफलमूलक रूपमा राष्ट्रिय पूर्वाधार विकासमा परिचालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा रोजगारदाताका तर्फबाट प्रबलजंग पाण्डे लगायतका सबै प्रतीनिधीहरुले सबै रोजगारदातालाई अनिवार्य आबद्ध गराउने गरी नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिइयो भने श्रमिकका तर्फबाट बिनोद श्रेष्ठले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्ने तथा सामाजिक सुरक्षा कोषको सफल कार्यान्वयनका लागि श्रमिक सङ्गठन र रोजगारदाता सरकारसँगै रहेको प्रतिबद्धता व्यक्त गरियो।

अन्त्यमा, मन्त्रालयका सचिव तथा कोषका सञ्चालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर राउतले सामाजिक सुरक्षा कोषको दायरा विस्तार, संस्थागत क्षमता अभिवृद्धि र योगदानकर्तालाई प्रभावकारी सेवा उपलब्ध गराउने विषयलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्दै कार्यक्रम समापन गर्नुभयो।

कोषको प्रगति विवरण

योगदानकर्ता र रोजगारदाताको विश्वास, नेपाल सरकारको सहयोग र कोषका कर्मचारीको लगनशीलताका कारण कोषको नवौं बर्षगाठ मनाउदै गर्दा कोषले उल्लेखनीय प्रगति हासिल गरेको छ। चालु आर्थिक वर्ष २०८३/८४ को मंसिर १० सम्म आइपुग्दा कोषमा कुल २४००६ रोजगारदाता प्रतिष्ठानहरू आबद्ध भएका छन्। त्यसैगरी, औपचारिक क्षेत्रका ८,००,४३६, वैदेशिक रोजगारी क्षेत्रका २५,००,८५२

र देशभित्रका अनौपचारिक क्षेत्रका श्रमिक १२१० तथा स्वरोजगार क्षेत्रका १५८८ गरी कुल ३३,०४,०८६ जना योगदानकर्ताहरू सामाजिक सुरक्षाको छातामुनि समेटिएका छन् ।

समीक्षा अवधिसम्म वृद्ध अवस्था सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजना, अतिरिक्त योगदान र लगानी प्रतिफलसमेत गरी कोषमा कुल रु. १ खर्ब ३३ अर्ब २६ करोड योगदान रकम सङ्कलन भएको छ।

हालसम्म बीमा र अवकाश दाबीबापत विभिन्न योजनाअन्तर्गत कुल रु. २३ अर्ब ९० करोड ७५ लाख रकम भुक्तानी भइसकेको छ। सङ्कलित कोषको सुरक्षित तथा प्रतिफलमूलक परिचालनका लागि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप, राष्ट्र बैंकको ट्रेजरी बिल, विकास ऋणपत्र, योगदानकर्ता कर्जालगायतका विभिन्न ७ वटा क्षेत्रमा कुल रु. १ खर्ब ५८ लाख लगानी गरिएको छ ।

सेवा प्रवाहलाई प्रविधिमैत्री र सर्वसुलभ बनाउन कोषको सूचना व्यवस्थापन प्रणाली (SOSYS) लाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग आबद्ध गरी API मार्फत तथ्याङ्क आदानप्रदान सुरु गरिएको छ । हालसम्म देशभरका २९० स्थानीय तह कोषमा आबद्ध भइसकेका छन् भने ११७ वटा सूचीकृत स्वास्थ्य संस्थामार्फत योगदानकर्ताले नगदरहित (Cashless) उपचार सेवा प्राप्त गरिरहेका छन् । साथै, हालसम्म प्राप्त गुनासामध्ये ९८.४३ प्रतिशत गुनासाहरूको सफल समाधान गरिएको छ भने कल सेन्टरमार्फत दैनिक औसत ७०० भन्दा बढी जिज्ञासाहरूको सम्बोधन हुँदै आएको छ ।

आगामी प्रतिबद्धता तथा कार्यदिशा हालसम्मका उपलब्धिहरू उत्साहजनक रहे तापनि अझै धेरै श्रमिकहरू सामाजिक सुरक्षाको दायराबाहिर रहेको यथार्थलाई आत्मसात् गर्दै कोषले आगामी दिनमा दायरा विस्तारलाई प्रमुख प्राथमिकतामा राखे छ । घरेलु कामदार, कृषक, प्लेटफर्म श्रमिक, स्वरोजगार, वैदेशिक रोजगारीमा रहेका तथा दुर्गम क्षेत्रका श्रमिकसम्म पुग्न स्थानीय तह र सरोकारवालासँगको समन्वयमा विशेष अभियान सञ्चालन गरिने छ । यस क्रममा महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिइने छ ।

सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सरकारी कर्मचारी तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक नीतिगत, कानुनी तथा संस्थागत पहललाई अगाडि बढाइने छ । अनौपचारिक क्षेत्रका श्रमिकहरूको सह-योगदानसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सरकार तथा स्थानीय तहसँग समन्वय गरिने छ ।

सेवा प्रवाहतर्फ सूचीकरण, योगदान सङ्कलन र दाबी भुक्तानीका प्रक्रियालाई थप डिजिटल, सरल र छिटो बनाइने छ । योगदानकर्ताले आफ्नो सुविधा दाबीको अवस्था आफैं हेर्न सक्ने व्यवस्था मिलाइनुका साथै आवश्यकताअनुसार शाखा तथा सम्पर्क कार्यालय थप गरी सेवालाई योगदानकर्ताको नजिक पुऱ्याइने छ।

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सामाजिक सुरक्षा कोष

केन्द्रीय कार्यालय
थापाथली, काठमाडौं नेपाल

स्वास्थ्य उपचारमा सहज पहुँच सुनिश्चित गर्न हाल रहेका ११७ वटा स्वास्थ्य संस्थाको सञ्जाल थप विस्तार गरिने छ । कोषमा सङ्कलित रकमलाई जोखिम व्यवस्थापन, सुशासन, पारदर्शिता र योगदानकर्ताको दायित्व सुनिश्चित हुने गरी सुरक्षित तथा प्रतिफलमूलक क्षेत्रमा परिचालन गरिने छ । राष्ट्रिय पूर्वाधार विकासमा कोषको रकम परिचालन गर्ने सम्भावनासमेत योगदानकर्ताको न्यूनतम दायित्व र प्रतिफल सुनिश्चित हुने नीतिगत व्यवस्थाका आधारमा अगाडि बढाइने छ ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षा प्रणालीलाई मजबुत बनाउन श्रम गन्तव्य मुलुकहरूसँग सामाजिक सुरक्षा सम्झौताको तयारी अघि बढाइने छ । साथै, योगदानकर्ताका अपेक्षा र कार्यान्वयनका अनुभवअनुसार सुविधा योजनाहरूको समयसापेक्ष परिमार्जनका लागि बिमाङ्कीय मूल्याङ्कन गरी कार्यविधि संशोधन तथा सुधारका सुझावहरू नेपाल सरकारसमक्ष पेस गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

अन्त्यमा, कोषले सम्पूर्ण रोजगारदाताहरूलाई श्रम सम्बन्ध स्थापना भएपश्चात् तोकिएको समयभित्र श्रमिक तथा कर्मचारीलाई कोषमा सूचीकृत गरी नियमित रूपमा योगदान रकम जम्मा गरिदिन अनुरोध गर्दछ । योगदानकर्ताहरूलाई आफ्नो विवरण अद्यावधिक राखी योजनाका सुविधाबारे जानकारी लिन र आवश्यकताअनुसार सुविधा उपयोग गर्न, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई नियमित योगदान गर्न तथा अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन विशेष अनुरोध गर्दछ ।

सामाजिक सुरक्षा कोषलाई सम्पूर्ण श्रमिकको अधिकार, आर्थिक तथा सामाजिक सुरक्षाको आधार र सुरक्षित भविष्यको भरोसायोग्य संस्थाका रूपमा विकास गर्न नेपाल सरकार, रोजगारदाता, श्रमिक तथा सम्पूर्ण सरोकारवालाको निरन्तर सहयोग, समन्वय र प्रतिबद्धताको अपेक्षा गर्दै नवौं सामाजिक सुरक्षा दिवसका अवसरमा कोष हार्दिक शुभकामना व्यक्त गर्दछ ।

मितिः २०८३।०८।११

(कृष्ण अधिकारी)
उप कार्यकारी निर्देशक तथा प्रवक्ता